मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि बिकास निर्देशनालय

## बाली संरक्षण प्रयोगशाला

सिरहा

# निजिस्तरमा च्याउ बीउ उत्पादन केन्द्र र मौरी श्रोत केन्द्र स्थापना कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति २०८०/०१/१०

यस बाली संरक्षण प्रयोगशाला, मधेश प्रदेश, सिरहाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निजिस्तरमा च्याउ बीउ उत्पादन केन्द्र र मौरी श्रोत केन्द्र स्थापना कार्यक्रमको लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदा मधेश प्रदेश अन्तरगतका इच्छुक कृषक समुह/संस्था, कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिन कार्यालय समय भित्र बाली संरक्षण प्रयोगशाला, सिरहामा तपशिल अनुसारका कागजातहरु संगलग्न राखि आवेदन सहित शिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन अनुरोध छ। सूचना बमोजिमको अवधि नाघी प्राप्त भएको प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन र त्यसता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ। यस सम्बन्धी थप जानकारीका लागि वेभसाईट : ppl.p2.gov.np फोन नं.९८४५८५४००७, ०३३-५२००५० मा सम्पर्क गर्न सकिनेछ।

| क.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रति कार्यक्रम अनुदान रकम रु | साझेदार अनुदानग्राही |
|---|---|---|---|---|---|
| १ | निजिस्तरमा च्याउ बीउ उत्पादन केन्द्र स्थापना | संख्या | १ | रु ३० लाख | कृषक समुह/संस्था, कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषक |
| २ | निजिस्तरमा मौरी श्रोत केन्द्र स्थापना | संख्या | १ | रु ३० लाख | |

**प्रस्ताव साथ पेश गर्ने विवरण र कागजातहरु**

१. परियोजना प्रस्तावको निवेदन (अनुसूचि-२) रु १० को हुलाक टिकट टाँसेको
२. संस्था दर्ताको नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि
३. कृषि व्यवसाय गर्ने च्याउको अनुसूची १२ र मौरीको अनुसूची १३ अनुसारको सामग्रीहरुको प्रस्ताव
४. निजि फर्मको हकमा गत आ.ब.को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपी
५. निजि फर्मको हकमा गत आ.ब. सम्म कर बुझाएको करचुक्ता प्रमाण
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि वा लिजमा लिएको भए कम्तीमा १० वर्ष मन्जुरीनामा
७. आफ्नो लगानी अनुपातको प्रतिबद्धता पत्र
८. निर्माण सम्बन्धि प्रस्तावको लागत ईष्टिमेट र नक्सा
९. आयोजना सम्बन्धि अन्य आवश्यक कागजातहरु

**नोट :** अनुदान रकमको सीमा र प्रतिशत नेपाल सरकार को प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०७९ को दफा ५ बमोजिम हुनेछ।